# आकाशवाणी समाचार- नेपाली

मितिः २६ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- केंद्रीय मंत्रिमंडलले क्षेत्रीय कनेक्टिविटी योजना - संशोधित उड़ान योजना को वर्ष 2026-27 देखि वर्ष 2035-36 सम्म दस वर्षको अवधिको लागी स्वीकृति दिएको छ।

- रेलवेले आफ्नो संचार बुनियदी ढाचा विकास गर्न र कवच स्वचालित ट्रेन सुरक्षा प्रणालीलाई धेरै क्षेत्रहरूमा विस्तार गर्न १२ सय करोड रुपियाँ भन्दा अधिकको परियोजनाहरू स्वीकृत गरेको छ।

- कृषि तथा ग्रामीण विकासमन्त्री शिवराजसिंह चौहानले देशमा खाद को अभाव नरहेको बताउनु भएको छ ।

- संसदीय कार्य मन्त्री किरेन रिजिजुले कार्य सलाहकार परामर्श समितिको पूर्व निर्धारित निर्णय अनुसार शनिबार र आइतबार संसदको दुवै सदनको बैठक नहुने बताउनु भएको छ

- ९ औं फार्मामेड २०२६ शुक्रबार नयाँ दिल्लीमा आयोजना हुँदैछ।

**<u>केंद्रीय मंत्रिमंडल - क्षेत्रीय कनेक्टिविटी योजना - संशोधित उड़ान योजना</u>**

केंद्रीय मंत्रिमंडलले क्षेत्रीय कनेक्टिविटी योजना - संशोधित उड़ान योजना को वर्ष 2026-27 देखि वर्ष 2035-36 सम्म दस वर्षको अवधिको लागी स्वीकृति दिएको छ। यस माथी 28 हजार आठ सौ 40 करोड़ रुपियाको लागत आउनेछ l नयाँ दिल्लीमा मन्त्रिमण्डलको बैठकपछि पत्रकारहरूलाई जानकारी दिनुहुदै सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले क्षेत्रीय सम्पर्कलाई बढावा दिन अहिलेसम्म हवाई अड्डा नभएका ठाउँहरूमा १०० विमानस्थलहरू विकास गरिने बताउनु भयो l

1 Byte- अश्विनी वैष्णव

**<u>रेलवेले- संचार बुनियदी ढाचा विकास</u>**

रेलवेले आफ्नो संचार बुनियदी ढाचा विकास गर्न र कवच स्वचालित ट्रेन सुरक्षा प्रणालीलाई धेरै क्षेत्रहरूमा विस्तार गर्न १२ सय करोड रुपियाँ भन्दा अधिकको परियोजनाहरू स्वीकृत गरेको छ। रेल मन्त्रालयले भनेको छ,परियोजनाहरूको उद्देश्य उन्नत फाइबर संचार प्रणाली र सुरक्षा संयन्त्रको माध्यमबाट रेलवे नेटवर्कलाई बलियो बनाउनु हो। मन्त्रालयले भनेको छ, मध्य रेलवेका सबै पाँच डिभिजनहरूमा ६ सय करोड रूपियाँभन्दा अधिकको लागतमा एक मजबूत डुअल फाइबर संचार नेटवर्क स्थापित गर्न दुई प्रमुख परियोजनाहरूलाई अनुमोदन गरिएको छ। मन्त्रालयले भनेको छ - अप्टिकल फाइबर र ओभरहेड ग्राउन्ड वायर प्रणालीहरू एक भरपर्दो, दोहोरो मार्ग संचार ब्याकबोन सिर्जना गर्न, निर्बाध अभियानहरू सुनिश्चित गर्न र फाइबर क्षमताको भाडामा लिएर थप राजस्व उत्पादन सक्षम गर्न तैनात गरिनेछ।

**<u>सरकार -सर्वदलीय बैठक</u>**

सरकारले हिज नयाँ दिल्लीस्थित संसद भवन परिसरमा पश्चिम एशियाको स्थिति बारे सर्वदलीय बैठक बोलायो। रक्षामंत्री राजनाथ सिंहले बैठकको अध्यक्षता गर्नुभएको थियो l बैठकमा गृहमन्त्री अमित शाह, विदेशमन्त्री एस जयशंकर, पेट्रोलियम मन्त्री हरदीप पुरी, संसदीय मामिला मन्त्री किरेन रिजिजु, जेडीयूका कार्यकारी अध्यक्ष संजय झा र राजीव रञ्जन (ललन) सिंह

लगायत अन्य नेताहरु उपस्थित हुनुहुन्थ्यो। बैठकमा कांग्रेस नेता मुकुल वासनिक र तारिक अनवर, माकपा सांसद जोन ब्रिटास, समाजवादी पार्टीका सांसद धर्मेन्द्र यादव र विपक्षी दलका अन्य नेताहरू पनि उपस्थित हुनुहुन्थ्यो। पश्चिम एसियामा बढ्दो तनावका बीच यो बैठक भएको हो, जसले महत्वपूर्ण समुद्री कोरिडोरहरू अवरुद्ध गरेको छ र खाडी राष्ट्रहरूमा भारतीय नागरिकहरूको सुरक्षाको बारेमा चिन्ता बढाएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम एसियाको स्थितिबारे संसदमा सम्बोधन गरेपछि सर्वदलीय बैठक शुरु भएको थियो ।

**केंद्रीय वित्त मंत्री निर्मला सीतारमन**

लोकसभाले हिज वित्त विधेयक २०२६ लाई ध्वनिमतले पारित गरेको छ। विधेयकले वित्त वर्ष २०२६-२०२७ का लागि केन्द्र सरकारको वित्तीय प्रस्तावहरू कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। सरकारले प्रस्ताव गरेका संशोधनलाई सदनले स्वीकृत गरेको छ। आज सदनमा वित्त विधेयक, 2026 माथि भएको चर्चा को जवाफ दिंनुहुदै केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले भन्नुभयो - सरकारले सूक्ष्म, लघु र मध्यम उद्यमहरू - एमएसएमई, कृषक र सहकारी संस्थाहरूलाई सशक्त बनाइरहेको छ।

**केंद्रीय सशस्त्र पुलिस बल (सामान्य प्रशासन) विधेयक, - राज्यसभा**

केन्द्रीय सशस्त्र पुलिस बल (सामान्य प्रशासन) विधेयक, २०२६ हिज राज्यसभामा पेश गरियो। उक्त विधेयक गृह राज्यमन्त्री नित्यानन्द राय ले प्रस्तुत गर्नुभयो । यस विधेयकको उद्देश्य केन्द्रीय सशस्त्र पुलिस बलमा समूह ए जनरल ड्यूटी अधिकारीहरु र अन्य अधिकारीहरूको भर्ती र सेवा सर्तहरू सम्बन्धी सामान्य नियमहरूलाई नियमन गर्नु हो। महानिरीक्षकको पदको ५० प्रतिशत, अतिरिक्त महानिदेशकको पदको कम्तीमा ६७ प्रतिशत र विशेष महानिदेशक र महानिदेशकको पदमा भारतीय पुलिस सेवाका सबै पदपूर्ति गर्ने व्यवस्था गरिएको छ। विधेयकमा भनिएको छ- हालैका वर्षहरूमा, एक व्यापक कानूनको अभावमा, नियामक प्रावधानहरू खण्डित रूपमा विकसित भएका छन्। यसको परिणाम स्वरूप सेवा सम्बन्धि मामिलाहरु माथी कतिपय मुद्धाहरु भएको छ जसले केही कार्यात्मक र प्रशासनिक कठिनाइहरू उत्पन्न भएको छ।

**कृषि तथा ग्रामीण विकासमन्त्री**

कृषि तथा ग्रामीण विकासमन्त्री शिवराजसिंह चौहानले देशमा खाद को अभाव नरहेको बताउनु भएको छ । आज उत्तर प्रदेशको गोरखपुरमा पत्रकारहरूसँग बातचीत गर्नुहुदै कृषि मन्त्री श्री सिंहले भन्नुभयो, किसानहरूले कुनै पनि प्रकारको अभावको सामना गर्नु पर्ने छैन। उहाले अझ भन्नुभयो -, 'संकटको स्थिति छ, तर प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा हरेक समस्याको समाधान भएको छ।

2-Byte शिवराजसिंह चौहान

**संसदीय कार्य मंत्री किरेन रिजिजू -कार्य सलाहकार समिति**

संसदीय कार्य मन्त्री किरेन रिजिजुले कार्य सलाहकार परामर्श समितिको पूर्व निर्धारित निर्णय अनुसार शनिबार र आइतबार संसदको दुवै सदनको बैठक नहुने बताउनु भएको छ ।श्री रिजिजले राज्यसभा र लोकसभा दुवैमा बोल्नुहुदै भन्नुभयो, वित्त विधेयक पारित हुनु सरकारका लागि महत्त्वपूर्ण छ, त्यसैले यो निर्णय गरिएको छ कि दुवै सदनहरू सप्ताहन्तमा सञ्चालन हुनेछन्। राजपत्रीत अवकाशका कारण आज संसद् बैठक नहुने मन्त्री रिजिजुले बताउनुहुदै सरकारी कामकाज शुक्रबार राज्यसभा र लोकसभामा पेश गरिने बताउनु भयो । शुक्रबारको निर्धारित निजि कामकाज पछि समायोजन गरिने उहाले बताउनुभयो ।

**राजमार्ग मन्त्री नितिन गडकरी**

बुनियदी ढाचा विकासमा दक्षता, पारदर्शिता र अन्तर-एजेन्सी समन्वय बढाउनको दिशामा एक प्रमुख कदमको रूपमा, सडक परिवहन एवं राजमार्ग मन्त्री नितिन गडकरीले रेल मन्त्री अश्विनी वैष्णवसँग नयाँ दिल्लीमा रेल-सडक निरीक्षण र चरण प्रबन्धनको लागि पोर्टल - स्टील गर्डर्स पोर्टल शुरू गर्नुभयो। सडक परिवहन एवं राजमार्ग मन्त्रालयले भनेको छ , पोर्टलको उद्देश्य

एक एकीकृत डिजिटल प्लेटफर्म प्रदान गरेर चुनौतीहरूलाई सम्बोधन गर्नु हो जसले सडक स्वामित्व विभागहरू, भारतीय रेलवे, ठेकेदारहरू, फेब्रिकेटरहरू, र निरीक्षण एजेन्सीहरू सहित सबै प्रमुख हितधारकहरूलाई एक साथ ल्याउँछ।

**राष्ट्रपति द्रौपदी मुर्मू - राम नवमी - शुभकामना**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले रामनवमीको पूर्वसन्ध्यामा देशवासीहरूलाई शुभकामना दिनुभएको छ।आफ्नो सन्देशमा राष्ट्रपति मुम्रुले भगवान रामको महान जीवन गाथाले सत्य, न्याय र सदाचारको मार्गमा हिँडेर सार्थक जीवन जिउने सन्देश दिएको बताउनु भयो ।

**केंद्रीय उपभोक्ता संरक्षण प्राधिकरण**

केन्द्रीय उपभोक्ता संरक्षण प्राधिकरणले होटल तथा रेष्टुरेन्टलाई उपभोक्ताहरुबाट एलपीजी शुल्क वसुली र अतिरिक्त शुल्क नलिन निर्देश दिएको छ । प्राधिकरण ले भनेको छ,उसले देशभरि यस्ता घटनाहरूमा नजिकबाट निगरानी गरिरहेको छ र कुनै उल्लंघनको स्थितिमा उचित कारबाही गरिनेछ र उपभोक्ताहरूको हितको रक्षा गर्न आवश्यक कदम चाल्नेछ।

**प्रधानमन्त्री -लोकप्रिय नेता**

अमेरिकाको डाटा एनालिटिक्स फर्म मर्निङ कन्सल्टले गरेको ताजा वैश्विक सर्वेक्षणमा प्रधानमन्त्री नरेन्द्र मोदी ६८ प्रतिशत अनुमोदन रेटिङ प्राप्त गर्दै फेरि विश्वको सबैभन्दा लोकप्रिय नेताको सूचीमा पर्नुभएको छ २ मार्च देखि ८मार्च सम्म गरिएको सर्वेक्षणले प्रधानमन्त्री श्री मोदीले अन्य विश्व नेताहरूभन्दा उल्लेखनीय अग्रता कायम राखेको देखाएको छ। स्विट्जरल्यान्डका राष्ट्रपति गाइ पार्मेलिन र दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङ ६२ प्रतिशत अनुमोदन रेटिङका साथ दोस्रो स्थानमा हुनुहुन्छ । चेक रिपब्लिक र अर्जेन्टिनाका नेताले क्रमशः ५७ प्रतिशत र ५६ प्रतिशत अनुमोदन पाएका छन् ।

**९ औं फार्मामेड**

९ औं फार्मामेड २०२६ शुक्रबार नयाँ दिल्लीमा आयोजना हुँदैछ । रसायन तथा उर्वरक मन्त्रालय अन्तर्गतको औषधि विभागले यो कार्यक्रम आयोजना गरिरहेको छ । सम्मेलनले भारतको औषधि क्षेत्रको भविष्यको बारेमा उच्च-स्तरीय चर्चाको लागि सम्पूर्ण फार्मास्युटिकल पारिस्थितिका प्रमुख हितधाराकहरूलाई एकै मंचमा ल्याउनेछ। हेल्थकेयर इक्विटी, विकसित भारतका प्रत्येक नागरिकसम्म पुग्ने विषयवस्तुमा आधारित यस कार्यक्रमको उद्देश्य नियामक सामञ्जस्यता, नवीनता र औषधिहरूमा समान पहुँच सहित धेरै महत्वपूर्ण क्षेत्रहरूमा ध्यान केन्द्रित गर्नु रहेको छ ।